# धरान उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय
## सुनसरी, प्रदेश नं.१, नेपाल
## उद्यम विकास सहजकर्ता [EDF] करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
### प्रथम पटक प्रकाशित मिति :- २०७८/०४/११

प्रस्तुत विषयमा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्नका लागि उद्यम विकास सहजकर्ताको सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले तपशिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१/२०७८/०७९ | उद्यम विकास सहजकर्ता | चौथो तह | १ | |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :-**

क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) बाट उद्यम विकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष उत्तिर्ण गरेको वा

ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) बाट उद्यम विकास सहजकर्ता शिप परिक्षण तह २ वा ३ उत्तिर्ण गरेको वा

ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि प्राविधिक प्रवेशिका परीक्षा उत्तिर्ण गरेको

घ) कम्तिमा ३ महिने कम्प्यूटर तालिम लिई आधारभुत कम्प्यूटर सीप भएको

ङ) उमेर : कम्तिमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

२. **दरखास्त दिने स्थानः धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय**

३. **दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशन भएको मितिले १५ दिन

४. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः** आवेदकले प्रमाणित गरेका देहायका

(क) नागरिकता प्रमाण-पत्र (ख) शैक्षिक योग्यताको प्रमाण-पत्र (ग) अनुभव सम्बन्धी कागजात पेश गर्नुपर्ने छ ।

५. **छनौटको किसिम :-** प्रारम्भिक योग्यताक्रम र अन्तर्वार्ता

६. **परीक्षा दस्तुर :-** ३००।-

७. **सेवा सुविधाहरु :-** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ अनुसार हुनेछ ।

८. नेपाल **सरकारले** स्थापना गरेको श्रम सूचना बैङ्कमा सूचीकृत भएका उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिइने छ ।

९. अन्तर्वार्ताको समय पछि तोकिने छ ।

नोट : दरखास्त फारम यस नगरपालिकाको वेबसाईट www.dharan.gov.np बाट डाउनलोड गर्न वा प्रशासन महाशाखाबाट प्राप्त गर्न सकिनेछ । विस्तृत विवरणका लागि नगर कार्यपालिकाको सूचना पाटीमा टाँस भएको सूचना वा web site www.dharan.gov.np मा सम्पर्क गर्न सकिने छ ।

अन्तर्वार्ता तथा सूचिकरण समिति
धरान उपमहानगरपालिका

गणेशप्रसाद खतिवडा
वरिष्ठ प्रशासकीय अधिकृत